## अनुसूचि ४ः व्यवसाय सञ्चालन गर्न सकिने विषय क्षेत्र र न्यूनतम मापदण्ड

### क. तरकारी उत्पादनः

कम्तीमा २ रोपनी जमीनमा वा ५०० वर्गमिटर क्षेत्रफलको ग्रीन हाउस वा प्लाष्टिक घरभित्र गुणस्तरयुक्त व्यवसायिक तरकारी उत्पादन गर्ने दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

### ख . फलफुल उत्पादनः

कम्तीमा ८ रोपनी जमिनमा विशेष प्रजातीको वा मिश्रित फलफुल कागती, अमला, सुन्तला, लिचि र अन्य उपयुक्त फलफूल बालि उत्पादन कार्यक्रम र खर्च र आम्दानी खुलेको सहितको लागत परियोजना ।

### ग. गाई/भैसीपालनः

कम्तीमा ३ रोपनी जमिनमा घांस, डाले घांसको पूर्वाधार सहित उन्नत नश्लका कम्तीमा ५ वटा व्यक्तीको लागि र समुहको १० वटा दुधालु गाई वा भैसी पालन र उत्पादित दुध बिक्रीका लागि बजारको पहुंच र दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

### घ. भेडा तथा बाखा पालनः

कम्तीमा ३ रोपनी जग्गामा घांस, डालेघांस वा चरीचरण पुर्वाधार सहित उन्नत नश्लका कम्तीमा २५ वटा माउ बाख्रा पालन र दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

### ङ . बंगुरपालन

उन्नत नश्लका कम्तीमा १० वटा बंगुर वा बंगुरको पाडा पालन र त्यसलाई चाहिने आवश्यक खोर वा गोठ, दानापानी व्यवस्थापन तथा दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

### च. कुखुरा पालन

अण्डा उत्पादनका निमित्त कम्तीमा ५०० वटा र मासु उत्पादनका लागि कम्तीमा १००० वटा कुखुरापालनका लागि दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

### छ. माछापालन

हावा पानी सुहाउदो माछा २०० वर्ग मिटर क्षेत्रफलको पोखरी, पानी नसोस्ने र पानीको निकास भएको कम्तीमा ३ रोपनी जमीनको पोखरी सहित आवश्यक प्रविधि उत्पादन र बजार मुल्य श्रृंखलको आधार र दीगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

ज. अलैची, कफी तथा चियाः

कम्तीमा ८ रोपनी जमिनमा अर्गानीक कफी तथा चिया उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

झ. च्याउ उत्पादन

कम्तीमा बार्षिक ५० के.जि. कन्ये वा गोब्रे च्याउ बिउ र कम्तिमा २०० मुडामा सिताके च्याउ बिउको प्रयोग गरि सिफारिस प्रविधि अनुसार च्याउ उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

ञ. मौरीपालन

कम्तीमा २० वटा आधुनिक मौरीघारको प्रयोग गरि सिफारिस प्रविधि अनुसार मैरीपालन गरि मह उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना

ट. अन्य वालि तथा बस्तुहरु

तरकारी बालीको बीउ उत्पादन, पुष्प उत्पादन, लसुन, अदुवा, वेसार र अन्य मसलाजन्य वा नगदे बालीहरु व्यवसायिक रुपमा कम्तीमा ३ रोपनी भन्दा वढी जमिनमा लगाउन दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।